

## कार्यान्वयनमा सम्लग्न सरकारी निकायहरू र सहयोगी संस्थाहरू

### जल तथा उर्जा आयोग:

वाग्मती नदीमा बाढीको पूर्वानुमान तथा पूर्व सूचना प्रणाली स्थापनाको कार्य आयोगमार्फत अघि बढाइएको छ । यसका साथै नदी क्षेत्रको दिगो व्यवस्थापनका लागि जलाधार संगठनको निर्माण गर्ने कार्य सुरु गरिएको छ । आयोगमार्फत वाग्मती नदी जलाधार क्षेत्रको गुरुयोजना निर्माणको कार्य हुनेछ । यसका साथै नदीमा पानीको गुणस्तर अनुगमन प्रणालीको स्थापना हुनेछ ।

### सिँचाई विभाग:

आयोजना कार्यान्वयनका क्रममा नदीको उपल्लो भागमा धाप बाँध निर्माण गर्ने र नाग्मती बाँधको सम्भाव्यता अध्ययन गरी विस्तृत डिजाइन गर्ने योजना छ ।

### अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति:

यो समितिको मातहतमा निम्नअनुसारका कार्यक्रमहरु सञ्चालन भइरहेका छन् ।

### जलाधार व्यवस्थापन (प्याकेज १):

वाग्मती नदीको बहावमा शिवपुरी–नागार्जुन क्षेत्रको जलाधार व्यवस्थापनले अहं भूमिका खेल्ने भएकोले आयोजनाले जलाधार क्षेत्रको खेती गरिएको तर पहिरो जानसक्ने करिब १२.५ हेक्टर भिरालो जग्गामा भूक्षय रोक्ने, वैकल्पिक उर्जाको व्यवस्था गर्ने, जैविक खेती तथा पर्यावरण पर्यटन प्रवर्द्धनका साथै वन स्रोतमा आश्रित स्थानीयलाई वैकल्पिक पेसा व्यवसाय प्रवर्द्धन गर्ने लगायतका जलाधार व्यवस्थापनका कार्यहरु पहिचान गरी कार्यान्वयन सुरु गरिएको छ ।

### वर्षात्को पानी संकलन तथा पुनर्भरण (प्याकेज २):

यस प्याकेज अन्तर्गत आयोजनाले आयोजना क्षेत्र भित्र बाग्मती नदी किनारा वरपरका २५०० घरधुरीमा वर्षातको पानी संकलन प्रविधि स्थापना गर्ने छ । यसरी वर्षात्को पानी संकलनका क्रममा जमिन मुनिको पानीको सतह स्थिर गर्न पुनर्भरण गर्ने व्यवस्था मिलाइने छ ।

### फोहरमैला व्यवस्थापन तथा सामाजिक परिचालन (प्याकेज ३):

यस प्याकेज अन्तर्गत जनचेतना अभिबृद्धिको माध्यमबाट आयोजना कार्यान्वयनमा जनसहभागीता बृद्धि गर्ने, फोहरमैला व्यवस्थापनमा नमूना कार्यहरु अघि बढाउन सहयोग गर्ने तथा एकीकृत जलस्रोत व्यवस्थापनका लागि नागरिक समाजको साझेदारी सुनिश्चित गर्ने कार्यहरु गरिनेछन् । यसका लागि आवश्यक सञ्जाल मार्फत सरोकारवालाहरुको सहभागिता सुनिश्चित गरिनेछ ।

### नदी किनारा व्यवस्थापन:

वाग्मती नदी किनाराको व्यवस्थापन गरी दुवै किनारामा मौजुदा सडक र नदी किनार क्षेत्रलाई सफा, आकर्षक बनाई पर्यटकीय र मनोरञ्जनस्थलको रुपमा विकास गर्ने कार्य सुरु भएको छ । यसका लागि निर्माण पक्षसँग सम्झौता भई कार्य सुरु गरिएको छ । यस अन्तर्गत साइकल लेन, पैदलमार्ग, व्यवस्थित पार्क, किरिया घरहरुको निर्माण हुनेछ । त्यसैगरी गोकर्णदेखि सिनामंगल सम्मको ७ किमी क्षेत्रमा ११ वटा होचा बाँधहरु (Weir) हरुको निर्माण हुँदैछ ।

यसको साथै आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि आयोजना व्यवस्थापन इकाई तथा आयोजना सुपरिवेक्षण इकाई गठन गरिएको छ । यी इकाईहरुलाई सुदृढ बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परामर्शदाताहरु नियुक्त गरिएका छन् । जसले निर्माणको काम र जलाधार क्षेत्रमा आधारित संगठन बनाउन पनि सहयोग गर्नेछन् ।



### कार्यविधि

यस आयोजना अन्तर्गत गरिने सबै कामहरु लैंगिक समानता तथा सामाजिक समावेशिताका सिद्धान्त अनुरुप गरिने छन् । यसका लागि आयोजनाले सरोकारवालाहरुसँग प्रभावकारी संवादका लागि आवश्यक प्रक्रिया अपनाउने छ । साथै आयोजना सम्बन्धी कुनै पनि विषयमा प्राप्त हुने सल्लाह तथा उजुरी उपर उचित कारवाहीका लागि आवश्यक व्यवस्था मिलाइएको छ ।

## सम्पर्क

अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति
वाग्मती सुधार आयोजना
गौरीघाट, गुह्येश्वरी काठमाडौं ।
फोन: ४४७९७०३, ४४८६४६९, ४४९८६१९
फ्याक्स: ४४८२८८४८
इमेल: hpcidbcoffice@gmail.com
www.brbip.gov.np

नेपाल सरकार
सहरी विकास मन्त्रालय

# वाग्मती सुधार आयोजना

## संक्षिप्त परिचय

# Bagmati River Basin Improvement Project (BRBIP)



## १. परिचय

काठमाडौं उपत्यकाको धार्मिक, सांस्कृतिक, आर्थिक र वातावरण लगायत विविध पक्षमा वाग्मती नदीको विशेष स्थान छ । यो नदी उपत्यकाको सभ्यताको परिचायक पनि हो ।

महाभारत पर्वत श्रृंखलाको शिवपुरी नागार्जुन क्षेत्रबाट सुरु भएर बग्ने वाग्मती नदीको वाग्द्वार देखि चोभार सम्मको लम्बाई करिब ३५ किमी छ । वाग्मती नदीको उपत्यकाभित्रको जलाधार क्षेत्र करिब १५७ वर्ग किमी रहेको छ । वर्षाको मौसममा नदीमा सरदर २७४ क्युसेक र सुख्खायाममा सरदर १६ क्युसेक पानी बग्ने गरेको छ । काठमाडौं उपत्यकामा वर्षेनी सरदर १४०० मिमि पानी पर्छ, योमध्ये पनि वर्षायाममा मात्रै ८० प्रतिशत पानी पर्छ जुन वाग्मतीको बहावको स्रोत हो । नदी प्रणालीमा मिसिने मूलहरु पनि यही वर्षामा निर्भर छन् ।

वाग्मती नदीमा मूख्य रुपमा ७ वटा सहायक नदी र पाँचवटा खोलाहरु मिसिएका छन् । यसमा वाग्मती, विष्णुमती, धोबीखोला (रुद्रमती), मनहरा, नख्खुखोला, बल्खु र टुकुचा (इच्छुमती) मिसिएका छन् । त्यसैगरी गोदावरी, हनुमन्ते, साङ्ला, महादेव र कोड्कु खोलाको निकास पनि वाग्मतीमै मिसिन्छ ।

विगत केही दशक यता काठमाडौं उपत्यकाको जनघनत्वमा तीव्र बृद्धि हुँदै गएको छ । यहाँको बार्षिक बृद्धिदर ४ प्रतिशत भन्दा माथि रहेको छ । सन् २०१६ को अन्तमा उपत्यकाको जनसंख्या करिब ३५ लाख हुने अनुमान यसअघि नै प्रक्षेपण गरिएको थियो । यसरी बढेको जनसंख्याको चाप स्वभाविक रुपमा यहाँको वातावरण र प्राकृतिक स्रोतहरुमाथि परिरहेको छ । नदी क्षेत्रको संरक्षण र व्यवस्थापनको कमिका कारण नदीमा पानीको मात्रा, पानीको गुणस्तर, नदी क्षेत्रको वातावरण र महत्वपूर्ण संरचनाहरुको संरक्षणमा समेत जटिल समस्या देखिन थालेका छन् ।

यिनै समस्याहरुलाई मध्यनजर गरी नेपाल सरकारले सरकारी लगानीका साथै एशियाली विकास बैंकको ऋण तथा अनुदान अन्तर्गत बाग्मती सुधार आयोजना (Bagmati River Basin Improvement Project-BRBIP) कार्यान्वयन गरिरहेको छ । यस आयोजनाको कार्यान्वयन गर्ने निकाय सहरी विकास मन्त्रालय हो । आयोजनाको कार्यान्वयन तहमा अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति, जल तथा उर्जा आयोग र सिंचाई विभाग सम्लग्न छन् । विसं २०७१ (सन् २०१४ अप्रिल) मा कार्यान्वयन सुरु गरिएको यस आयोजना अन्तर्गतका सबै कामहरु विसं २०७७ (सन् २०२१) सम्ममा पुरा गरिने लक्ष्य लिइएको छ ।

## आयोजनाको कार्यक्षेत्र

वाग्मती सुधार आयोजनाले बाग्मतीको उपल्लो भाग अर्थात सिनामंगलभन्दा माथिको भागहरुमा गतिविधिहरु सञ्चालन गरिरहेको छ । यसले शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा जलाधार व्यवस्थापनको कार्य र धाप बाँधको निर्माण गरिरहेको छ भने सामाजिक परिचालनका कार्यहरु गोकर्णेश्वर नगरपालिकाका वाग्मतीसँग जोडिएका १३ वटा वडाहरु, कागेश्वरी मनहरा नगरपालिकाका ८ वटा वडाहरुमा सञ्चालन गरिरहेको छ । त्यसैगरी यी कार्यहरु काठमाडौं महानगरपालिकाका ६ वटा वडाहरुलाई समेटेर सञ्चालन गरिएको छ । वाग्मती किनारा सौन्दर्यकरण गर्ने कार्य गोकर्णदेखि सिनामंगल क्षेत्रमा भइरहेको छ । यस क्रममा वाग्मती नदीको सम्पूर्ण क्षेत्रहरुमा बाढी पूर्वानुमान तथा पूर्व सूचना प्रणाली स्थापनाको कार्य अघि बढाइएको छ ।

## आयोजनाको लागत

यो आयोजनाको कूल लागत ३ करोड ६० लाख अमेरिकी डलर (३६ मिलियन डलर) रहेको छ । यो रकममध्ये नेपाल सरकारले ६ मिलियन डलर (१६.७ प्रतिशत) बेहोर्नेछ भने बाँकी रकम एशियाली विकास बैंकको ऋण २५.५ मिलियन डलर (७०.८ प्रतिशत) तथा अनुदान ४.५ मिलियन डलर (१२.५ प्रतिशत) बाट बेहोरिने छ ।

## लक्षित उपलब्धीहरु

आयोजनाले विभिन्न कार्यहरु मार्फत बाग्मती नदीमा पानीको वहाव बढाउने लक्ष्य लिएको छ । नदी क्षेत्रको वातावरण सुधार र व्यवस्थापन आयोजनाको प्रमुख उद्देश्य हो । एकीकृत जलस्रोत व्यवस्थापन (Integrated Water Resource Management-IWRM) का सिद्धान्त अनुरुप काम गर्ने यस आयोजनाबाट निम्न उपलब्धीहरुको अपेक्षा गरिएको छ ।

१) जनसहभागिताको आधारमा नदी क्षेत्रको व्यवस्थापन गर्नका लागि आवश्यक दक्षता र पद्धति स्थापित गर्ने,

२) गोकर्णदेखि सिनामंगलसम्मको सहरी क्षेत्रमा नदी किनाराको वातावरण सुधार तथा नदी किनारालाई व्यवस्थित र सुन्दर बनाउने,

३) नदीको उपल्लो जलाधार क्षेत्रमा पानीको भन्डारण क्षमता बढाउने तथा वातावरण संरक्षण गरी सुख्खा याममा नदीमा पानीको मात्रा र गुणस्तर सुधार गर्ने,

४) बाग्मती नदीमा बाढी पूर्वानुमान (Flood Forecasting) र पूर्व सूचना प्रणाली (Early Warning System) स्थापना गर्ने ।

५) सरोकारवालाहरुसँगको सम्वाद र सहभागितामा आयोजनाका कामहरुलाई प्रभावकारी र सुव्यवस्थित बनाउने ।

## मूख्य गतिविधि

यी उपलब्धी प्राप्तिका लागि यस आयोजनाले अघि बढाउने कार्यहरु यस प्रकार छन् ।

### १) एकीकृत र सहभागितामूलक नदी क्षेत्र व्यवस्थापनका लागि आवश्यक प्रणाली स्थापना र क्षमता विकासका कार्य गर्ने ।

क) एकीकृत जलस्रोत व्यवस्थापनका लागि सहयोग पुग्ने खालका कानुनी तथा नीतिगत व्यवस्थाका लागि पहल गर्ने

ख) जलाधार क्षेत्र व्यवस्थापनका लागि सांगठनिक संरचनाहरुको समन्वयात्मक ढाँचा तयार पार्ने



ग) नदी क्षेत्र व्यवस्थापनका लागि सरोकारवालाहरुलाई परिचालन गर्ने तथा सहभागिता बढाउने

घ) आयोजना क्षेत्र अन्तर्गतका नदी किनाराका संगठनहरुको प्रतिस्पर्धी क्षमता अभिबृद्धिका लागि आवश्यक कार्यहरु गर्ने,

ङ) आयोजना क्षेत्रभित्र जलस्रोत सम्बन्धी सबै जानकारी एकै ठाउँमा रहने गरी जलस्रोत सूचना केन्द्रको स्थापना गर्ने,

च) जलस्रोतको एकीकृत व्यवस्थापन गर्नका लागि आवश्यक निर्णय लिन सहयोग पुऱ्याउने पद्दतिको स्थापना गर्ने,

छ) नदीमा पानीको गुणस्तरको प्रभावकारी अनुगमन गर्नका लागि आवश्यक सूचना सञ्जालको स्थापना गर्ने,

ज) नदी क्षेत्रको एकीकृत र सहभागितामूलक व्यवस्थापनका लागि १५ वर्षे गुरुयोजना तयार गर्ने ।

### २) सहरी क्षेत्रमा नदी किनाराको वातावरण सुधार गर्ने ।

क) गोकर्णदेखि सिनामंगलसम्म नदीको दुवैतिर (७ किमी) क्षेत्रमा विभिन्न संरचना तथा मनोरञ्जन स्थलहरु निर्माण गर्ने, नदीको जल प्रदुषण कम गर्न आवश्यक कार्य गर्ने ।

ख) आयोजना क्षेत्र भित्र फोहरमैला व्यवस्थापन नमूना कार्यक्रमका लागि सहयोग गर्ने,

ग) आयोजना क्षेत्र भित्रका नदी किनारामा बनेका संरचना र तिनको व्यवस्थापनका लागि सरोकारवालाहरुलाई बढी जिम्मेवार बनाउने,

घ) लैंगिक समानता र समाजिक समावेशीकरण सुनिश्चित गर्न आवश्यक कार्ययोजना तर्जुमा गरी लागु गर्ने,

ङ) वाग्मती नदी क्षेत्रमा संरक्षण र सुरक्षाका लागि आवश्यक कामहरु गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने,

च) आयोजनाको कार्यक्षेत्र भित्र नदी क्षेत्रका बासिन्दाहरुबीच जनचेतना अभिबृद्धिका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने, सरोकारवालाहरु र आयोजना बीचको सम्वाद प्रकृया प्रभावकारी बनाउन कार्ययोजना निर्माण गरी लागु गर्ने,

छ) नदीको वातावरण संरक्षण एवं फोहरमैलाको उचित व्यवस्थापनका लागि संगठित सरोकारवालाहरुलाई बढी जिम्मेवार बनाउनुका साथै आवश्यक नीतिगत र कानुनी व्यवस्थाका लागि पहल गर्ने ।

### ३) नदीको उपल्लो जलाधार क्षेत्रमा पानीको संकलन तथा जलाधार व्यवस्थापन गरी सुख्खा समयमा नदीमा पानीको मात्रा र गुणस्तर सुधार गर्ने ।

क) सुख्खा याममा वाग्मती नदीमा पानीको वहाव बढाउन शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जभित्र पर्ने वाग्मती नदीको माथिल्लो भाग धापमा ८ लाख ५० हजार घनमिटर पानी संकलन गर्ने क्षमता भएको धाप बाँध निर्माण गर्ने,

ख) वाग्मती नदीको मुहान क्षेत्रमा करिब ८० लाख घनमिटर पानी भण्डारण गर्ने क्षमताको नाग्मती बाँधको विस्तृत अध्ययन गरी डिजाइन गर्ने ।

ग) आयोजना क्षेत्रभित्रका नदी वरपरका दुई हजार पाँचसय घरहरुमा वर्षाको पानी संकलन गर्ने प्रणाली जडान गर्ने, भूमिगत पानीको पुनर्भरणको व्यवस्था गर्ने,

घ) वाग्मती जलाधार क्षेत्रमा एकीकृत तथा जनसहभागितामूलक जलाधार व्यवस्थापन कार्यहरु गरी स्थानीय बासिन्दाको जीविकोपार्जन, उर्जा, कृषि, तथा वन संरक्षण कार्यमा सुधार गर्ने ।

ङ) शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रमा खेती गरिएको तर पहिरो जान सक्ने करिब १२.५ हेक्टर भिरालो जग्गामा भू–क्षय रोक्ने साथै जलाधार क्षेत्रको संरक्षण र विकासका लागि अन्य कार्यहरु गर्ने ।

### ४) वाग्मतीमा बाढीको पूर्वानुमान र पूर्व सूचना प्रणाली स्थापना गर्ने ।

### ५) सरोकारवालाहरूसँग सम्वाद र सहभागितामा आयोजनाका कामहरूलाई प्रभावकारी र सुव्यवस्थित बनाउने ।



View of Main Dam and Spillway